सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष १० ♦ अंक १४ ♦ २०८३ साल असोज २६ सोमवार ♦ 12 Oct 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

# महोत्तरीमा ४० स्थानमा दुर्गा मेला, सुरक्षाका लागि १ हजार ३३१ सुरक्षाकर्मी परिचालन

## सोनामाईदेखि जलेश्वर र पञ्चधुरा माईस्थानसम्म नवरात्रको रौनक, गाउँ-सहरमा बढ्यो चहलपहल





**खबर दर्पण समाचारदाता**

**असोज २५ गते, बर्दिवास**

महोत्तरी। बडादसैं अर्थात् शारदीय नवरात्र सुरु भएसँगै महोत्तरीका गाउँदेखि सहरसम्म चहलपहल बढेको छ। जिल्लाका विभिन्न स्थानमा दुर्गा प्रतिमा स्थापना गरी मेला आयोजना गरिएको छ भने प्रसिद्ध शक्तिपीठ तथा मन्दिरमा घटस्थापनासँगै देवी दुर्गाको पूजाआराधना सुरु भएको छ। यस वर्ष जिल्लाका ४० स्थानमा दुर्गा मेला आयोजना गरिएका छन्।

महोत्तरीका औरही नगरपालिका-७ स्थित सोनासती (सोनामाई) स्थान, बर्दिबास नगरपालिका-४ को पञ्चधुरा माईस्थान, जलेश्वरस्थित सन्सारी माई र राजदेवी मन्दिर लगायत धार्मिक स्थलमा नवरात्रका अवसरमा विशेष पूजाआजा तथा धार्मिक कार्यक्रमको तयारी गरिएको छ। सोनामाई, जलेश्वर, मटिहानी, रामगोपालपुर, गौशाला र सीतापुरबजारमा लाग्ने दुर्गा मेला विशेष आकर्षणका रूपमा रहेका छन्।

मैथिल जनबोलीमा 'दशहरा' भनिने दसैंको पहिलो दिन घटस्थापनासँगै जिल्लाका देवी मन्दिर, शक्तिपीठ तथा दुर्गा प्रतिमा निर्माणस्थलमा धार्मिक गतिविधि बढेका छन्। घरघरमा देवी दुर्गाको आराधना, भजनकीर्तन र चण्डी पाठ सुरु भएको छ। मेला आयोजना हुने स्थानमा दुर्गाका प्रतिमा निर्माण, पण्डाल सजावट तथा व्यवस्थापनका कामले पनि तीव्रता पाएका छन्।

मिथिला परम्पराअनुसार घटस्थापनाका अवसरमा अविवाहित किशोरीले नयाँ घडामा नदी तथा पोखरीबाट पवित्र जल ल्याएर मन्दिर परिसरमा कलश स्थापना गर्ने चलन छ। महोत्तरीका विभिन्न शक्तिपीठमा पनि कलशयात्रा र विशेष पूजाआजाको तयारी गरिएको छ। रातु नदी तथा लक्ष्मीसागर, पुरन्दर, वरुण, ध्रुवकुण्ड र भार्गवसरलगायत धार्मिक महत्त्वका जलाशयबाट जल ल्याएर देवीको पूजा आराधना गर्ने परम्परा रहेको छ।

मैथिली संस्कृतिविद् ध्रुव रायका अनुसार मिथिला क्षेत्रमा वर्षमा दुईवटा नवरात्र मनाउने परम्परा छ। असोज शुक्ल प्रतिपदादेखि नवमीसम्म मनाइने नवरात्रलाई शारदीय र चैत शुक्ल प्रतिपदादेखि नवमीसम्म मनाइनेलाई वासन्ती नवरात्र भनिन्छ। दुवै नवरात्रको धार्मिक महत्त्व रहे पनि मिथिला क्षेत्रमा दसैंका रूपमा शारदीय नवरात्रलाई विशेष महत्त्व दिने गरिएको उहाँ बताउनुहुन्छ।

नवरात्रका अवसरमा घरघरमा जौ, तिल, गहुँ, धान र मकैको जमरा राखेर देवीको पूजा आराधना गर्ने चलन छ। प्रतिपदादेखि सुरु हुने पूजाआजामा क्रमशः शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्रीको आराधना गरिन्छ। नवमीसम्म चल्ने पूजापछि दशमीका दिन देवीको पूजन तथा विसर्जन गरी प्रसादस्वरूप जमरा ग्रहण गर्ने परम्परा छ।

दसैं सुरु भएसँगै महोत्तरीका गाउँबस्तीमा लिङ्गे पिङ निर्माण गर्ने, दुर्गा प्रतिमा स्थापना गर्ने र मेला व्यवस्थापन गर्ने गतिविधि पनि बढेका छन्। दुर्गा मेलाले धार्मिक तथा सांस्कृतिक गतिविधिलाई चलायमान बनाउनुका साथै स्थानीय बजारमा समेत चहलपहल बढाउने गरेको छ। मेला हेर्न तथा पूजाआजा गर्न आउने श्रद्धालुका कारण बजार क्षेत्रमा किनमेल र आवतजावत बढ्ने अपेक्षा गरिएको छ।

यसैबीच, दसैंका बेला हुन सक्ने सम्भावित घटना, भीडभाड तथा अवाञ्छित गतिविधि नियन्त्रण गर्न महोत्तरीमा सुरक्षा व्यवस्था कडा पारिएको छ। जिल्ला सुरक्षा समितिले एकीकृत सुरक्षा योजना लागू गर्दै नेपाल प्रहरी र सशस्त्र प्रहरीसहित एक हजार ३३१ सुरक्षाकर्मी परिचालन गरेको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताउनुभएको छ।

प्रसिद्ध शक्तिपीठ तथा मेला लाग्ने स्थानमा श्रद्धालुको भीड व्यवस्थापन, शान्तिसुरक्षा कायम र सम्भावित दुर्घटना न्यूनीकरणमा सुरक्षा निकाय केन्द्रित हुनेछन्। चाडपर्वका बेला हुन सक्ने चोरी, झैझगडा, दुर्घटना तथा अन्य आपराधिक गतिविधि नियन्त्रणका लागि पनि निगरानी बढाइएको छ।

धार्मिक मान्यताअनुसार असत्यमाथि सत्यको विजयको प्रतीकका रूपमा दसैं मनाइन्छ। देवीभागवतलगायत धार्मिक ग्रन्थमा देवी दुर्गाले चण्ड-मुण्ड, शुम्भ-निशुम्भ र महिषासुरजस्ता असुरी शक्तिको संहार गरेको वर्णन पाइन्छ। नवरात्रमा देवीको उपासना गर्दा मन, वचन र कर्ममा शुद्धता आउने तथा सद्विचार र सदाचारको मार्गमा अघि बढ्न प्रेरणा मिल्ने धार्मिक विश्वास छ।

यसरी धार्मिक आस्था, सांस्कृतिक परम्परा र सामुदायिक सहभागितासँग जोडिएको दसैंले महोत्तरीका गाउँ-सहरमा चाडपर्वको माहोल बढाएको छ। जिल्लाका ४० स्थानमा आयोजना गरिएका दुर्गा मेलाले नवरात्रभरि धार्मिक गतिविधि र स्थानीय चहलपहललाई थप जीवन्त बनाउने अपेक्षा गरिएको छ।

# धनुषाको छ स्थानमा यात्रु सहायता कक्ष स्थापना

**खबर दर्पण समाचारदाता**

**साउन २५ गते, जनकपुरधाम**

बडादसैं, दीपावली तथा छठ पर्वलाई लक्षित गर्दै धनुषाका विभिन्न छ स्थानमा यात्रु सहायता कक्ष र दुई स्थानमा विश्रामस्थल स्थापना गरिएको छ ।

चाडपर्वका समयमा सार्वजनिक यातायातमा यात्रुको चाप बढ्ने भएकाले यात्रुहरूको सुरक्षा, सहज आवागमन तथा यात्राका क्रममा हुन सक्ने ठगी र दुर्व्यवहार नियन्त्रण गर्ने उद्देश्यले यात्रु सहायता कक्ष स्थापना गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषा र जिल्ला ट्राफिक प्रहरी कार्यालय जिरोमाइल, धनुषाको समन्वयमा जनकपुरधाम बसपार्क, रामानन्द चोक, मुजेलिया, ढल्केवर, लालगढ र पोर्ताहामा यात्रु सहायता कक्ष सञ्चालनमा ल्याइएको छ ।

यात्राका क्रममा टिकट तथा भाडादरसम्बन्धी गुनासो, ठगी, दुर्व्यवहार तथा अन्य समस्यामा परेका यात्रुलाई आवश्यक सहयोग उपलब्ध गराउनुका साथै हराएका सामानको खोजतलास र आकस्मिक सुरक्षासम्बन्धी सहजीकरण गर्ने उद्देश्यले सहायता कक्ष स्थापना गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए ।

यसैगरी यात्रुहरूलाई यात्राका क्रममा सहजता प्रदान गर्ने उद्देश्यले जिल्ला प्रहरी कार्यालय धनुषा र जिल्ला ट्राफिक प्रहरी कार्यालय जिरोमाइलको अगाडि शुद्ध खानेपानी तथा शौचालयको सुविधासहित विश्रामस्थल स्थापना गरिएको छ ।

प्रहरीले यात्राका क्रममा कुनै समस्या परेमा नजिकको प्रहरी कार्यालय वा यात्रु सहायता कक्षमा सम्पर्क गर्न आग्रह गरेको छ । साथै, आकस्मिक सहायता आवश्यक परेमा प्रहरीको टोलफ्री नम्बर १०० वा ट्राफिक प्रहरीको नम्बर १०३ मा सम्पर्क गर्न अनुरोध गरिएको छ ।

बडा दसैंको हार्दिक शुभकामना

बडा दसैंको सुखद अवसरमा मधेस प्रदेश सहित सम्पूर्ण उद्योगी, व्यवसायी, व्यापारी, ग्राहक वर्ग तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



सि.ए. प्रमोद कुमार साह

अध्यक्ष

नेपाल उद्योग परिसंघ मधेस प्रदेश (CNI)

# कलश शोभायात्राले बढायो सोनामाईको धार्मिक गरिमा, भूत मेलामा लाखौं भक्तजन जुट्ने अनुमान





धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**असोज २५ गते, महोत्तरी**

महोत्तरीको औरही नगरपालिका-७ स्थित प्रसिद्ध धार्मिकस्थल सोनामाई मन्दिरमा बडादशैँको घटस्थापनाको अवसरमा दोस्रो ऐतिहासिक कलश शोभायात्रा निकालिएको छ । विश्व शान्ति, मानव कल्याण तथा धार्मिक सद्भाव प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको शोभायात्रामा पाँच हजारभन्दा बढी भक्तजन सहभागी भएका छन् ।

औरही नगरपालिका र स्थानीयवासीको संयुक्त पहलमा आयोजना गरिएको शोभायात्राको उद्घाटन नगरप्रमुख प्रदीपकुमार खड्का, उपप्रमुख रेणु झा तथा विभिन्न वडाका अध्यक्षहरूले संयुक्त रूपमा गर्नुभएको थियो ।

गत वर्ष २०८२ सालमा पहिलो पटक आयोजना गरिएको कलश शोभायात्रामा करिब चार हजार कलश सहभागी गराइएको थियो । यस वर्ष दोस्रो पटक आयोजना गरिएको शोभायात्रामा पाँच हजारभन्दा बढी भक्तजन सहभागी भएको आयोजकले जनाएको छ ।

शोभायात्रा औरही नगरपालिका-२ स्थित फूलबरिया गाउँको जंघाहा खोलामा बेतो, पचाइन र जङ्गा खोलाको सङ्गमस्थलबाट सुरु भई सोनामाई मन्दिरसम्म पुगेको थियो । शोभायात्रामा महिला, पुरुष, बालबालिका तथा वृद्धवृद्धासहित हजारौँ श्रद्धालुको सहभागिता रहेको थियो । स्थानीय समाजसेवी, धार्मिक अगुवा, जनप्रतिनिधि, सुरक्षाकर्मी, नगर प्रहरी तथा विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूको पनि उल्लेख्य उपस्थिति थियो ।

नगरप्रमुख खड्काले कलश शोभायात्राले नगरवासीबीचको एकता, सांस्कृतिक सम्पदाको संरक्षण र धार्मिक मूल्य मान्यतालाई थप सुदृढ बनाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले सोनामाई मन्दिर नगरवासीको आस्था, विश्वास र सांस्कृतिक सम्पदाको महत्वपूर्ण केन्द्र रहेको उल्लेख गर्दै शोभायात्राले नगरको धार्मिक तथा सांस्कृतिक इतिहासमा नयाँ अध्याय थप्ने बताउनुभयो ।

शोभायात्राले औरही नगरपालिका तथा आसपासका क्षेत्रमा धार्मिक उत्साह, उल्लास र सद्भावको वातावरण सिर्जना गरेको सहभागीहरूले बताएका छन् ।

## मिथिला क्षेत्रको प्रसिद्ध धार्मिकस्थल सोनामाई मन्दिर

सदरमुकाम जलेश्वरदेखि करिब २३ किलोमिटर उत्तर र बर्दिबासदेखि करिब १७ किलोमिटर दक्षिणमा जलेश्वर-बर्दिबास सडकखण्डसँगै औरही नगरपालिका-७ स्थित भोइल गाउँमा सोनामाई मन्दिर र हेको छ । सोनासती महारानीको मन्दिरका रूपमा समेत परिचित यो मन्दिर मिथिला क्षेत्रका चर्चित धार्मिकस्थलमध्ये एक हो । यहाँ वर्षौंदेखि पूजा-आराधना तथा धार्मिक मेला लाग्दै आएको छ । स्थानीय जनविश्वासअनुसार भूत, प्रेत, पिशाच, दुष्ट आत्मा तथा बोक्साबोक्सीको प्रभावबाट पीडित भएको ठानिएका व्यक्तिहरू झारफुक तथा तान्त्रिक विधिबाट उपचार गराउन यहाँ आउने गर्छन् । सन्तान प्राप्ति तथा अन्य मनोकामना पूरा हुने विश्वासमा श्रद्धालुले मन्दिरमा भाकल गर्ने र मनोकामना पूरा भएपछि पुनः आएर पूजा तथा बलि दिने परम्परा रहेको मन्दिरका पुजारी केदार झाले बताउनुभयो ।

## पाँच सय वर्ष पुरानो जनश्रुति

स्थानीय जनश्रुतिअनुसार करिब पाँच सय वर्षअघि हाल मन्दिर रहेको क्षेत्रमा घना जङ्गल थियो । जिल्लाको पश्चिमी तथा दक्षिणी क्षेत्रबाट गाईभैँसी चराउन आउने मानिसहरू राति सोही जङ्गलमा बास बस्ने गर्थे ।

एक पटक पाँचवटा भैँसी एकैसाथ हराएपछि चरवाहाहरूले खोजी गर्दै जाँदा हाल मन्दिर रहेको स्थानमा पुगेका थिए । त्यहाँ सोनासती महारानी मानव रूपमा प्रकट भएर भैँसी आफूसँग रहेको र दैनिक पूजापाठ, साँझ दीप प्रज्वलन तथा आरती गरेपछि मात्र भैँसी फिर्ता दिने बताएको किंवदन्ती रहेको पुजारी झगरु झाले बताउनुभयो ।

उक्त घटनापछि सो स्थानमा सोनासती महारानीको पूजाआराधना सुरु भएको स्थानीय विश्वास छ । मन्दिर निर्माण हुनुअघि यो स्थान ‘कहचरिया स्थान’का नामले चिनिन्थ्यो । त्यहाँ रहेको पुरानो सिसौँको रूखको टोड्कामा सोनासती महारानीको बास रहेको विश्वास गरिन्थ्यो । पछि त्यहाँबाट मूर्ति ल्याएर माटोको घर बनाई पूजापाठ गर्न थालिएको स्थानीयवासी बताउँछन् ।

## भाकलपछि मन्दिर निर्माण

स्थानीय राजनीतिकर्मी दरेश यादवका अनुसार माझी चौधरी नाम गरेका व्यक्तिले सोनासती महारानीप्रति भाकल गरेपछि मन्दिर निर्माण गराएका थिए । पुजारी माझी झाका अनुसार माझी चौधरी वीरगन्ज जेलमा रहेका बेला मन्दिर निर्माण गर्ने भाकल गर्नुभएको थियो । जेलबाट मुक्त भएपछि उहाँले भाकलअनुसार मन्दिर निर्माण गराएको जनश्रुति स्थानीयस्तरमा प्रचलित छ ।

समयक्रममा पुरानो मन्दिर जीर्ण भएपछि त्यसलाई भत्काएर हालको नयाँ मन्दिर निर्माण गरिएको हो । अहिले मन्दिरमा दैनिक पूजापाठ तथा आरती हुँदै आएको छ । धार्मिक आस्था र स्थानीय जनविश्वाससँग जोडिएको सोनामाई मन्दिर मिथिला क्षेत्रको सांस्कृतिक तथा धार्मिक पहिचानका रूपमा स्थापित हुँदै गएको छ ।

## घटस्थापनादेखि विजयादशमीसम्म विशेष पूजा

सोनामाई शक्तिपीठमा प्रत्येक वर्ष बडादशैँको घटस्थापनादेखि

*बाँकी पृष्ठ ३ मा*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# कलश शोभायात्राले बढायो सोनामाईको....

विजयादशमीसम्म विशेष पूजा, आराधना तथा धार्मिक मेला आयोजना गरिन्छ। घटस्थापनाको दिन बिहानै धूप, दीप, अक्षता र कलशसहितको डाला लिएर भक्तजन मन्दिर पुग्ने गर्छन्। मन्दिर मा कलश स्थापना गरेसँगै नवरात्रको पूजा प्रारम्भ हुन्छ।

सप्तमीका दिन विभिन्न स्थानबाट ल्याइएको फूलपाती मन्दिरमा भित्र्याइन्छ। अष्टमीमा बोकाको बलि दिने तथा घिउ र सिन्दूरले माताको सजावट गर्ने परम्परा छ। नवमीका दिन राँगाको बलि दिइन्छ भने दशमीमा परम्परागत बाजागाजासहित मन्दिरबाट पुजारीको घरमा डाला लगिएपछि मेलाको समापन गरिन्छ।

यहाँ दशैंको चौथीदेखि अष्टमीसम्म विशेष रूपमा भूत मेला लाग्ने गर्छ। यस अवधिमा भूतप्रेत, पिशाच तथा दुष्ट आत्माको प्रभावबाट पीडित भएको ठानिएका व्यक्तिहरू उपचारका लागि मन्दिर परि सरमा आउने गर्छन्। उनीहरूलाई पुजारीमार्फत मन्त्र, तन्त्र, जन्तर तथा परम्परागत उपचार विधि अपनाइने स्थानीय मान्यता छ। मेलाका क्रममा हजारौँको सङ्ख्यामा बलि दिने परम्परासमेत रहिआएको छ।

### धार्मिक पर्यटनको सम्भावना

सोनामाई मन्दिर परिसरमा शिव, पार्वती, गणेश, राजदेवी र सरस्वतीलगायत देवीदेवताका मूर्ति रहेका छन्। परिसरमा तपसी बाबाको धुनीसमेत छ, जहाँ चौबीसै घण्टा आगो बलिरहने धार्मिक विश्वास छ।

धार्मिक तथा ऐतिहासिक महत्त्व बोकेको सोनामाई मन्दिर क्षेत्र



प्राकृतिक सौन्दर्यका दृष्टिले पनि आकर्षक रहेको स्थानीयवासी बताउँछन्। मन्दिरको पूर्वाधार विकास, संरक्षण तथा प्रचारप्रसार गर्न सके यस क्षेत्रलाई महत्त्वपूर्ण धार्मिक पर्यटन गन्तव्यका रूपमा विकास गर्न सकिने उनीहरूको भनाइ छ।

यस वर्ष सोनामाई भूत मेलामा करिब १५ लाख भक्तजन सहभागी हुने अनुमान सोनामाई पूजा समितिले गरेको छ। कलश शोभायात्रामा बढ्दो सहभागिता र मेलामा आउने भक्तजनको सङ्ख्याले यस क्षेत्रको धार्मिक, सांस्कृतिक तथा पर्यटनसम्बन्धी सम्भावनालाई थप उजागर गरेको स्थानीयवासीको विश्वास छ।

# ध्वनि प्रदूषण गर्ने २४ थान मोटरसाइकल प्रहरी नियन्त्रणमा

**खबर दर्पण समाचारदाता**

**असोज २५ गते, बर्दिवास**

चाडपर्व लक्षित सुरक्षा योजना अन्तर्गत धनुषा प्रहरीले ध्वनि प्रदूषण गर्ने तथा ट्राफिक नियम उल्लङ्घन गरी चलाइएका २४ वटा मोटरसाइकल नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार दुर्घटना न्यूनीकरण तथा ट्राफिक व्यवस्थापन अभियान अन्तर्गत जनकपुरधाम उपमहानगरपालिकाका विभिन्न स्थानबाट ती मोटरसाइकल नियन्त्रणमा लिइएको हो।

प्रहरीका अनुसार ठूलो आवाज निकाल्ने, तीव्र गतिमा जिगज्याग शैलीमा मोटरसाइकल चलाउने, मादक पदार्थ सेवन गरी सवारीसाधन चलाउने तथा स्वरूप परिवर्तन (मोडिफाइ) गरिएका मोटरसाइकलहरू कारबाहीको दायरामा ल्याइएको हो।

नियन्त्रणमा लिइएका मोटरसाइकलमध्ये केहीमा नम्बर प्लेट नभएको र एउटा परीक्षण नम्बर प्लेट प्रयोग गरिएको मोटरसाइकलसमेत रहेको प्रहरीले जनाएको छ।

ती मोटरसाइकलमाथि आवश्यक कारबाही प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जानकारी दिएको छ।

चाडपर्वका बेला सवारीसाधनको चाप बढ्ने र लापरबाहीपूर्ण सवारी सञ्चालनका कारण दुर्घटनाको जोखिमसमेत बढ्न सक्ने भएकाले प्रहरीले ट्राफिक व्यवस्थापन तथा सुरक्षा अभियानलाई तीव्रता दिएको हो।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले ट्राफिक नियमको पूर्ण पालना गरी सवारीसाधन चलाउन जिल्लावासीलाई आग्रह गरेका छन्।

उनले सडक दुर्घटनाबाट हुने मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न प्रहरीको अभियानमा सहयोग गर्नसमेत अनुरोध गरे।

प्रहरीले चाडपर्वको समयमा सवारीसाधन चलाउँदा तीव्र गति, ध्वनि प्रदूषण तथा मादक पदार्थ सेवन गरी सवारी चलाउनेजस्ता गतिविधि नगर्न सचेत गराएको छ।

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**मटिहानी नगरपालिका, महोत्तरी**

व्यक्तिगत घटना दर्ता व्यक्तिको कानूनी पहिचान र सार्वजनिक सेवा प्राप्तिको मुख्य आधार भएकोले घटना घटेको पैंतिस दिन भित्र सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गई निःशुल्क रुपमा व्यक्तिगत घटना दर्ता गराऔं।

साथै, व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा उल्लेखित नाम,थर, उमेर वा अन्य विवरण त्रुटी भएको वा फरम परेको भएमा एक पटक सच्याउन सकिने कानूनी व्यवस्था रहेको हुँदा सम्बन्धित व्यक्तिले स्थानीय पञ्चिकाधिकारीको कार्यालयमा गई नियमानुसार विवरण सच्याउन सूचित गरिन्छ।

**औरही नगरपापालिका महोत्तरी**

मधेस प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय
बर्दिवास महोत्तरी नेपाल

**सुचना सुचना सुचना**

समयमा सवारी कर तिरी ट्राफिक जरिवानाबाट बचौं। सभ्य नागरिकको परिचय दिऔं।

**यातायात व्यवस्था कार्यालय, वर्दिवास, महोत्तरी**

**डेंगुबाट कसरी बच्ने?**

बाहुला भएको/ शरीर ढाकिने लुगा लगाउने

दिउँसो सुत्दा पनि झुल प्रयोग गर्ने।

साना केटाकेटीलाई जुनसुकै समयमा झुलभित्र सुताउने।

लामखुट्टे भगाउने मलहम दल्न पनि सकिन्छ।

घरका झ्याल ढोकामा जाली लगाउने।

**डेंगुको उपचार के?**

डेंगु विरुद्धको कुनै औषधि नै बनेको छैन।

- डेंगु लाग्दा चिकित्सकको उच्च निगरानीमा बस्नुको विकल्प नै छैन।
- डेंगु लाग्दा मनलाग्दी औषधि सेवन गर्नुहुन्न।
- एन्टिबायोटिकको प्रयोग झनै घातक हुन सक्छ।

**जलेश्वर नगरपालिका, महोत्तरी**

**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**

**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**गौशाला नगरपालिका, महोत्तरी**

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

# दसैँसँगै मिथिलाञ्चलका घरआँगनमा गुञ्जिन थाल्यो झिझियाको लोकभाका





अजयकुमार साह

असोज २५ गते, बर्दिबास

“तोहरे भरोसे बरहम बाबा, झिझिरी बनेलियै हो, बरहम बाबा झिझियापर होइयौ ने सवार, अबोधबा बालक तोहर किछियो ने जनैछौं हो...”

दसैँको आगमनसँगै मिथिलाञ्चलका गाउँटोल र घरआँगनमा यतिबेला झिझियाका यस्तै परम्परागत लोकभाका गुञ्जिन थालेका छन् । साँझ पर्दै जाँदा जनकपुरधामका मठमन्दिर, देवीस्थान र दसैँका लागि बनाइएका पूजापण्डालमा महिलाहरू झिझिया नृत्य प्रस्तुत गर्दै पर्वको रौनक बढाउन थालेका छन् ।

मिथिलाको धार्मिक आस्था, लोकविश्वास र सांस्कृतिक पहिचानसँग जोडिएको झिझिया दसैँका बेला विशेष रूपमा प्रस्तुत गरिने मौलिक लोकनृत्य हो । परम्परागत रूपमा महिलाको समूहले गीत गाउँदै टाउकामा आगो बलिरहेको प्वालैप्वाल भएको माटोको घैंटो राखेर यो नृत्य गर्ने गर्छन् । नृत्यमा भगवतीको प्रार्थना, बालबालिकाको दीर्घायुको कामना तथा नकारात्मक शक्तिबाट परिवारलाई जोगाउने लोकविश्वास अभिव्यक्त हुन्छ ।

मिथिलाका साहित्यकार, वरिष्ठ पत्रकार तथा प्राज्ञ रामभरोस कापडीका अनुसार झिझिया मिथिलाको तान्त्रिक अनुष्ठानसँग जोडिएको लोकनृत्य हो । परम्परागत जनविश्वासअनुसार दसैँका बेला बोक्सीले तन्त्रमन्त्रमार्फत शक्ति प्राप्त गर्ने र सर्वसाधारणलाई हानि पुऱ्याउन सक्ने भएकाले त्यसको प्रतिकार स्वरूप झिझिया नृत्य गर्ने चलन चलेको मानिन्छ ।

“घटस्थापनादेखि सुरु हुने झिझिया नृत्यको तयारी पनि विशेष हुन्छ,” कापडी भन्नुहुन्छ, “सफा माटोको घैंटोमा धेरै प्वाल पारिन्छ । घैंटोको मुखमा आगो बाल्ने व्यवस्था गरिन्छ । त्यसपछि टाउकामा राखेर नृत्य गरिन्छ। परम्पराअनुसार नृत्य सुरु गर्नुअघि घैंटोलाई मन्त्रद्वारा सिद्ध गराउने चलनसमेत छ ।”

लोकविश्वासअनुसार झिझियामा रहेका प्वालको सङ्ख्या बोक्सीले गन्न सकेमा तन्त्रमन्त्रको शक्ति प्राप्त गर्न सक्ने भएकाले नृत्य गर्ने महिलाले निरन्तर टाउको हल्लाउँदै नाच्ने गर्छन् । यसरी नाच्दा प्वाल गन्न नसकिने जनविश्वास छ। यद्यपि, यी मान्यता मिथिलाको परम्परागत लोकविश्वासका रूपमा प्रचलित छन् ।

## ब्रह्मस्थानबाट सुरु हुन्छ नृत्य

झिझिया नृत्यको तयारीमा घैंटोको सरसफाइ, प्वाल बनाउने र आगो बाल्ने सामग्रीको व्यवस्था गरिन्छ। परम्परागत विधिअनुसार धामी वा मन्त्रविद्बाट घैंटोमा मन्त्र पढेर सुरक्षा गराउने चलनसमेत छ । यस क्रममा नकारात्मक शक्तिबाट बचाउने विश्वाससहित परम्परागत मन्त्र उच्चारण गरिन्छ ।

सामान्यतया पाँचदेखि १५ जनासम्म महिलाको समूहमा नृत्य प्रस्तुत गरिन्छ । समूहका एक वा दुई महिलाले टाउकामा आगो बलिरहेको घैंटो राखेर हातको सहारा नलिई नाच्छन् । परम्पराअनुसार सुरुमा ब्रह्मस्थानमा पुगेर पूजा गरेपछि नृत्यको औपचारिक सुरुआत गरिन्छ । त्यसपछि गाउँका घरघरमा पुगेर गीत गाउँदै नृत्य प्रस्तुत गर्ने चलन छ ।

धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-६, नयाँटोलका पुरोहित इन्द्रकान्त झाका अनुसार झिझियासँग जोडिएको प्वाल गन्ने जनविश्वासले यस नृत्यलाई विशिष्ट बनाएको छ। नृत्य सकिएपछि आगो निभाएर घैंटो सुरक्षित रूपमा राख्ने परम्परा रहेको उहाँ बताउनुहुन्छ ।

अवकाशप्राप्त शिक्षक तथा मैथिली संस्कृतिका जानकार ८५ वर्षीय उत्तिमलाल चौधरीका अनुसार झिझिया महिलाद्वारा सञ्चालन र संयोजन गरिने सामूहिक लोकअनुष्ठान हो । यसलाई मिथिलाञ्चलमा परिवार र सन्ततिको सुरक्षासँग जोडेर हेर्ने गरिएको उहाँ बताउनुहुन्छ ।

“झिझिया नृत्य घटस्थापनादेखि दसैँसम्म प्रदर्शन गरिन्छ। गाउँघरमा १५ देखि २० जनासम्मको समूहले ढोलक, झ्याली र अन्य परम्परागत वाद्यवादनको तालमा गीत गाउँदै नृत्य गर्ने चलन छ,” चौधरी भन्नुहुन्छ ।

घरघरमा नृत्य प्रस्तुत गरेपछि घरधनीले खुसी भएर पैसा, चामल, दाललगायतका सामग्री कोसेलीका रूपमा दिने परम्परासमेत रहेको उहाँले जानकारी दिनुभयो । यसले नृत्यलाई धार्मिक अनुष्ठानमा मात्र सीमित नराखी सामुदायिक सहभागिता र आपसी सद्भावको माध्यमसमेत बनाएको छ ।

## लोकविश्वासभन्दा माथि सांस्कृतिक महत्व

झिझियामा गाइने गीत यसको प्रमुख विशेषता हो। गीतमा देवी भगवतीको स्तुति, परिवारको सुरक्षा, सन्ततिको दीर्घायुको कामना तथा बोक्सीप्रति आक्रोश व्यक्त गर्ने शब्द पाइन्छन्। “चलचल गे डैनिया कदम तर, तोरा बेटाके खैबौ बढमतर” जस्ता गीतले यस नृत्यको परम्परागत लोकविश्वासलाई अभिव्यक्त गर्छन् ।

झिझियाका गीतमा प्रयोग हुने शब्द र प्रस्तुतिको शैलीले मिथिलाको मौखिक परम्परा, भाषिक विविधता र सामुदायिक जीवनलाई प्रतिबिम्बित गर्छ । पुस्तौंदेखि मौखिक रूपमा हस्तान्तरण हुँदै आएको यो सांस्कृतिक सम्पदा मिथिलाको सामाजिक इतिहास बुझ्ने आधारसमेत हो ।

चौधरी झिझियालाई अन्धविश्वाससँग मात्र जोडेर हेर्न नहुने बताउनुहुन्छ। उहाँका अनुसार यसको सांस्कृतिक पक्ष संरक्षण गर्नु अहिलेको आवश्यकता हो । लोकनृत्यसँग जोडिएका कतिपय मान्यतालाई आधुनिक वैज्ञानिक दृष्टिकोणबाट पुष्टि गर्न नसकिए पनि त्यसमा निहित कला, गीत, भाषा, सामूहिक सहभागिता र सांस्कृतिक पहिचानको महत्त्व भने छुट्टै छ ।

मिथिलाको संस्कृतिबारे जानकारहरूका अनुसार झिझिया नृत्यको इतिहास निकै पुरानो छ । कतिपयले यसको सुरुआत सातौँ शताब्दीतिर भएको मान्ने गरेका छन् । तर यसको ऐतिहासिक समयबारे थप प्रामाणिक अध्ययन आवश्यक रहेको देखिन्छ ।

## सांस्कृतिक कार्यक्रममा बढ्दो उपस्थिति

झिझिया अहिले गाउँघरमा मात्र सीमित छैन । दसैँका अवसरमा आयोजना हुने सांस्कृतिक कार्यक्रम, मेला तथा महोत्सवमा समेत यसलाई विशेष प्रस्तुतिका रूपमा समावेश गरिन्छ। मिथिला नाट्य कला परिषद् (मिनाप) ले नेपाल र भारतका विभिन्न स्थानमा आयोजना हुने सांस्कृतिक कार्यक्रममा झिझिया प्रस्तुत गर्दै आएको छ ।

मिनापले पछिल्ला केही वर्षमा पाँच सयभन्दा बढी झिझिया नृत्य प्रस्तुति गरेको जनाएको छ। यसले परम्परागत लोकनृत्यलाई नयाँ पुस्तामाझ चिनाउन तथा मिथिलाको सांस्कृतिक पहिचानलाई फरकिलो बनाउन सहयोग पुऱ्याएको छ ।

जनकपुरधामको देवीचोकस्थित राजदेवी युवा क्लबले पनि प्रत्येक वर्ष दसैँका अवसरमा झिझिया नृत्य प्रतियोगिता आयोजना गर्दै आएको छ । त्यस्तै राम युवा कमिटी, महावीर युवा कमिटी र रामानन्द युवा क्लबले आयोजना गर्ने भजन सन्ध्यामा झिझियाको विशेष प्रस्तुति हुने गर्छ ।

यस्ता कार्यक्रमले परम्परागत गीत र नृत्यलाई सार्वजनिक मञ्चमा प्रस्तुत गर्ने अवसर प्रदान गर्नुका साथै नयाँ पुस्तालाई यसको मौलिक शैली, भेषभूषा, वाद्यवादन र गीतसँग परिचित गराउन मद्दत पुऱ्याउँछन् ।

## मौलिकता जोगाउनु चुनौती

पछिल्लो समय झिझिया नृत्यको मौलिकता हराउँदै गएको स्थानीयवासीको गुनासो छ । आधुनिक सङ्गीत र मनोरञ्जनका नयाँ माध्यमको प्रभाव, परम्परागत गीतको अभ्यासमा कमी तथा नयाँ पुस्तामा लोकसंस्कृतिप्रतिको जानकारी घट्दै जाँदा यसको मौलिक स्वरूप संरक्षण गर्नु चुनौतीपूर्ण बन्दै गएको उनीहरूको भनाइ छ ।

झिझियाको संरक्षणका लागि परम्परागत गीत सङ्कलन, अभिलेखीकरण, स्थानीय कलाकारलाई प्रोत्साहन, विद्यालयस्तरमा लोकसंस्कृतिसम्बन्धी कार्यक्रम तथा सांस्कृतिक संस्थामार्फत नियमित



प्रस्तुति आवश्यक देखिन्छ । साथै, झिझियामा प्रयोग हुने मैथिली भाषाका मौलिक शब्द, गीतका धुन र परम्परागत वाद्यवादनको संरक्षणमा पनि ध्यान दिनुपर्ने जानकारहरू बताउँछन् ।

दसैँसँगै मिथिलाञ्चलका घरआँगनमा गुञ्जिने झिझियाको लोकभाका धार्मिक आस्था र लोकविश्वासको अभिव्यक्ति मात्र होइन, पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको सांस्कृतिक सम्पदासमेत हो । यसलाई समयअनुसार अभिलेखीकरण, अध्ययन र प्रवर्द्धन गर्न सके मिथिलाको मौलिक पहिचानलाई आगामी पुस्तासम्म पुऱ्याउन सकिनेछ ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्मेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,